Date: ..................
Page: ..................

आज मिति २०७७।०१।०३ गतेका दिन यस देवचुली नगरपालिका नगर कार्यपालिकाको कार्यालयको हलमा देवचुली नगरपालिका स्तरीय नोवल कोरोना भाइरसको संक्रमण रोकथाम समन्वय समितिका संयोजक पूर्ण कुमार श्रेष्ठ ज्यू को अध्यक्षतामा बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

उपस्थिति

संयोजक पूर्ण कुमार श्रेष्ठ नगर प्रमुख देवचुली न.पा.
सह-संयोजक पार्वता तिवारी नगर उप प्रमुख " "
सदस्य बिष्णु प्रसाद भुषाल प्र.प्र.अ. देवचुली न.पा.
सदस्य डिल बहादुर खत्री प्रवक्ता र अध्यक्ष वडा १३
सदस्य श्री लक्ष्मण राज भण्डारी अध्यक्ष वडा नं. १
सदस्य श्री माधव के.सी. अध्यक्ष वडा नं. २
सदस्य श्री गोपालराज शर्मा " "-३
सदस्य श्री गीरबहादुर थापा क्षेत्री " "-४
सदस्य श्री शिवलाल सापकोटा " "-५
सदस्य श्री मिन बहादुर सोतीमगर " "-६
सदस्य श्री भुपराज पाठक " "-७
सदस्य श्री चन्द्र बहादुर सिंजाली " "-८
सदस्य श्री भैरव बहादुर थापा साउ " "-९
सदस्य श्री केशर आले " "-१०
सदस्य श्री रमेश बहादुर ठाडा " "-११
सदस्य श्री दिनानाथ भुषाल " "-१२
सदस्य श्री हेमराज ढवाडी " "-१४
सदस्य श्री हरिभक्त भट्टराई " "-१५
सदस्य श्री केशर बहादुर क्षेत्री " "-१६
सदस्य श्री बिष्णु प्रसाद आचार्य " "-१७
सदस्य श्री टिकामाया सिंजाली कार्यपालिका सदस्य
सदस्य श्री सकुन्तला गुरुङ " "
सदस्य श्री सुवीचन्द्र सुवेदी " "
केशर के. दोर्जी वडा अध्यक्ष १६

Date : ..................
Page: ..................

सदस्य श्री माया चुवेदी कार्यपालिका सदस्य
सदस्य श्री नव कुमारी शर्मा ,, ,,
सदस्य श्री कमला दमाई ,, ,,
सदस्य श्री खेमलाल नेपाली ,, ,,
सदस्य श्री भोज बहादुर माझी ,, ,,
सदस्य श्री शिवलाल श्रेष्ठ ,, ,,
सदस्य श्री रविलाल सापकोटा ने.का. प्रतिनिधि
सदस्य श्री प्रेमा बनाल ने.क.पा. अध्यक्ष
सदस्य श्री दुर्गा प्र. भुसाल अध्यक्ष समाजवादी पार्टी
सदस्य श्री अम्मर बहादुर गुरुङ प्र.नि. प्र.वि.न्यो. दलपल
सदस्य श्री रेशमलाल सापकोटा अध्यक्ष उ.वा.नि. देवचुली
सदस्य श्री डा. विद्या भुसाल प्रमुख प्रा.स्वा.के.
सदस्य श्री लिला प्र. काफ्ले प्रमुख देवचुली स्वा.चौ.
सदस्य श्री बेद बहादुर [illegible] प्रमुख जहर स्वा.चौ.
सदस्य श्री लोकनाथ अर्याल प्रमुख प्रगतिनगर स्वा.चौ.

विशेष उपस्थिति

श्री कृष्णहरि सापकोटा (सूचना प्रविधि अधिकृत)
श्री संगम पौडेल (एम.आई.एस. अपरेटर)
श्री सन्तोष काफ्ले इन्जिनियर देवचुली न.पा.
श्री पिताम्बर भुर्तेल सि.अ.हे.व. अधिकृत स्वा. शाखा
श्री शिव प्र. पराजुली अ.हे.व. अधिकृत स्वा. शाखा
श्री श्रीभद्र पौडेल लेखा अधिकृत देवचुली न.पा.

**नगरपालिका स्तरीय नोवल कोरोना भाइरस संक्रमण रोकथाम समन्वय समितिको मिति २०७७।१।९ गते बसेको बैठकका निर्णयहरु**

१. कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारका लागि देवचुली नगरपालिकाले स्वास्थ्य संस्थामा उपलब्ध गराएका पिपिई, थर्मल गन लगायत व्यक्तिगत सुरक्षा सामग्री बारे जानकारी एवम् समीक्षा गरियो । सुरक्षित र गुणस्तरीय थप पिपिई र अन्य स्वास्थ्य सामग्री निरन्तर उपलब्ध गराउन नगरपालिकालाई आग्रह गर्ने ।

२. कोरोना भाइरस संक्रमणको संवेदनशिल अवस्थामा जोखिमपूर्ण काम गर्ने स्वास्थ्यकर्मीहरु र अन्य कर्मचारीहरुको मनोवल उच्च बनाउन आवश्यक वित्तीय र गैर वित्तीय सेवा सुविधाको अध्ययन गरी सिफारिस गर्न नगरपालिका विधेयक समितिका संयोजक श्री दिनानाथ भुसालको अध्यक्षतामा नगरपालिकाका प्रशासन तथा योजना शाखा प्रमुख श्री जीवलाल श्रेष्ठ, दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख डा. विद्या भुसाल र स्वास्थ्य शाखा प्रमुख श्री राम कुमार श्रेष्ठ सदस्य रहेको ४ सदस्यीय कार्यदल गठन गर्ने र कार्यदललाई ७ दिनमा विद्यमान समग्र परिवेश र अन्यत्रको अभ्यास समेत अध्ययन गरी यथार्थमा आधारित रहेर नगर कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्ने साथै कोरोनाको विरामी बढ्दै गएमा नगरपालिकाको जनशक्ति र साधन स्रोतको क्षमता एकीन गरी त्यस्तो अवस्थामा तत्काल गर्नुपर्ने व्यवस्थापकीय कार्यहरुको समेत अध्ययन गरी अपनाउनु पर्ने रणनीति र सो को कार्ययोजना सहितको प्रस्ताव सिफारिस गर्न समेत यस कार्यदललाई कार्यादेश दिने ।

३. देवचुली नगरपालिकाको श्रमिक वर्ग, अति विपन्न सिमान्तकृत वर्ग तथा असाहयलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७७ को दफा ३ बमोजिम संशोधित मापदण्ड र सूचक पारित गर्न नगरपालिका समक्ष सिफारिस गरियो । साथै संशोधित मापदण्ड बमोजिम अभिलेख तयार गरी राहत वितरणको व्यवस्था मिलाउन अनुरोध गर्ने ।

४. खाद्य संकटमा परेका परिवारको पहिचान र राहत वितरणलाई थप प्रभावकारी बनाउन यस अघि नगरप्रमुखको संयोकत्वमा गठित, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र विषयगत समितिका संयोजक सहितको समितिले वडाबाट आएका विवरण छानविन गरी वडा समिति मार्फत राहत उपलब्ध गराउने व्यवस्थालाई थप प्रभावकारी बनाई निरन्तरता दिने।

५. दीर्घ रोगी, अपाङ्ग, ज्येष्ठ नागरिक, सुत्केरी, अति विपन्न र पिछडिएको वर्ग र क्षेत्रका नागरिकको लागि राहत लगायत अन्य समस्याहरु विशेष महत्व दिई सम्वोधन गर्न नगरपालिकालाई अनुरोध गर्ने ।

६. नगरपालिकाको एकद्वार प्रणाली बाहिर रहेर कुनै व्यक्ति वा संघसंस्थाले राहत बाड्न नपाउने, कहिं कतै बाडेको पाइएमा तुरुन्त बन्द गर्ने, कुनै नागरिक भोको पर्ने अवस्था आएमा नगरपालिका वा वडामा तत्काल सूचना दिन आव्हान गर्ने, प्राप्त सूचनाको आधारमा यथासिघ्र राहत पुर्‍याउने व्यवस्था मिलाउन नगरपालिकालाई अनुरोध गर्ने ।

Date : ..................
Page: ..................

७. विभिन्न संघसंस्थाले कोरोना भाइरस नियन्त्रण गर्ने भन्दै अप्रमाणित रुपमा क्लोरिन लगायतका औषधी बाटोमा छर्ने गरेको पाईकोले त्यस्ता कार्य तत्काल बन्द गर्ने, नगरपालिकाको पूर्व स्वीकृति विना कहीं कसैले आफुखुशी कुनै क्रियाकलाप गरेको पाइएमा कानून वमोजिम कारवाही प्रक्रिया अगाडी बढाउन नगरपालिकाकालाई अनुरोध गर्ने ।

८. कुनै व्यक्ति वा संघ संस्थाले यस विषम परिस्थितीमा जुनसुकै प्रकारको मानवीय सहयोग गर्न चाहेमा नगरपालिकाको एकद्धार प्रणालीमा आवद्ध भई सहकार्य गर्न आग्रह गर्ने निर्णय गरियो ।

९. गाउँ टोलमा कनै नयाँ व्यक्ति बाहिरबाट आएमा तत्काल निजको विस्तृत यात्रा विवरण लिई नजिकको स्वास्थ्य संस्था वा नगरपालिकामा जानकारी गराउन वडास्तरीय नोवल कोरोना भाइरस संक्रमण रोकथाम समन्वय समितिलाई आग्रह गर्ने ।

१०. हाल संकटग्रस्त अवस्थामा रहेका कृषि तथा पशु व्यवशायीहरुको संरक्षणको लागि आवश्यक पहल गर्न र भविश्यमा हुन सक्ने खाद्य संकटलाई मध्यनजर गर्दै कृषि तथा पशु सेवा क्षेत्रमा तत्काल राहत र उत्पादन अभिबृद्धिका कार्यक्रम ल्याउन नगरपालिकालाई आग्रह गर्ने ।

११. विभिन्न सहयोगी दाताहरुबाट प्राप्त हुने जिन्सी तथा नगद राहत आम्दानीको अभिलेख राख्ने, सो मध्येबाट जिन्सी राहत लैजाने व्यक्ति को भरपाई तथा अभिलेख अध्यावधिक गरी राख्न र नगरपालिकाले प्रकोप व्यवस्थापनकोषबाट खरिद गर्नु पर्ने भएकोमा वडागत माग संकलन गरी प्रचलित नियमानुसार खाद्यान्न र औषधी खरिद गर्न तपसिल वमोजिमका पदाधीकारीहरुलाई जिम्मा दिने ।

संयोजक :- जीवलाल श्रेष्ठ (प्रशासन तथा योजना शाखा प्रमुख)
सदस्य :- रामकुमार श्रेष्ठ (स्वास्थ्य शाखा प्रमुख)
सदस्य :- सन्दिप न्यौपाने (एम.आई.एस अपरेटर)
सदस्य :- अनिता काफ्ले (लेखापाल)

२०७६/१/१५
विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with Cam